# मालारानी गाउँपालिका

## चक्लाबन्दी प्रर्वद्धन (गह्रा सुधार) कार्यक्रम कार्यविधि, २०७६

**प्रस्तावना**

नेपालको कृषियोग्य जमिन जनसंख्या बृद्धि र एकल परिवार बसाईको प्रचलनले गर्दा विखण्डित भएर खेती गर्न कठिन भइरहेको छ । भूमिको बढ्दो खण्डीकरण एवम् जग्गा बाँझो राख्ने प्रवृतिलाई निरूत्साहित गर्दै कृषि उत्पादन, पशुपालन तथा उत्पादकत्व अभिवृद्दिका साथै भूमिको समूचित प्रयोगमा जोड दिन वान्छनीय भएकोले मालारानी गाउँपालिकाले यो कार्यविधि तयार गरेको छ ।

## परिच्छेद १ : नाम र प्रारम्भ

**१.संक्षिप्त नाम र प्रारम्भ :**

१) यो कार्यविधिको नाम "चक्लाबन्दी प्रर्बद्धन(गह्रा सुधार)कार्यक्रम कार्यविधि,२०७६"रहेको छ ।

२) यो कार्यविधि मालारानी गाउ□कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

३) यो कार्यविधि मालारानी गाउँपालिकाभर लागू हुनेछ ।

**२.परिभाषा : विषय वा प्रस□ले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,**

क. **कार्यक्रम** भन्नाले चक्लाबन्दी प्रर्बद्धन (गह्रा सुधार) कार्यक्रम वा चक्लाबन्दी प्रवर्द्धनमा आधारित यस्तै प्रकृतिका कार्यक्रम सम्झनु पर्दछ ।

ख. **चक्लावन्दी** भन्नाले कृषियोग्य जमिनमा उत्पादन र उत्पादकत्व बढाउन स-सना कित्तामा छरिएर रहेका जग्गाहरूलाई एकिकृत गर्ने प्रकृया सम्झनु पर्दछ ।

ग. **आवेदक** भन्नाले चक्लाबन्दी कार्यक्रमका लागि आवेदन दिएका जग्गाधनीहरूको समूह, कृषक समूह, कृषि सहकारी र कृषि मूख्य पेशा भएका कृषक वा उद्यमी सम्झनु पर्दछ।

घ. **अनुदान** भन्नाले चक्लाबन्दी प्रबर्द्धन कार्यक्रममा दिइने बढिमा ६०% अनुदानलाई जनाउँछ।

□. **समिति** भन्नाले दफा ११ बमोजिम गठन भएको कृषक छनौट समितिलाई जनाउँछ ।

च. **गाउँपालिका** भन्नाले मालारानी गाउँपालिकालाई जनाउँछ ।

छ. **वडा कार्यालय** भन्नाले मालारानी गाउँपालिकाका सबै वडा कार्यालयहरूलाई जनाउँछ ।

ज. **शाखा** भन्नाले मालारानी गाउँपालिकाको कृषि विकास शाखालाई जनाउँछ ।

## परिच्छेद २ : उद्देश्य

**३. कार्यक्रम संचालनको उद्देश्य:**

क. खेतीयोग्य भूमिको अन्य प्रयोजनको लागि अतिक्रमण हुन नदिई भूमिको जर्गेना गर्ने र खण्डीकरण गर्ने प्रवृतिलाई निरूत्साहन गर्ने ।

ख. कृषि उत्पादन तथा व्यवसायीकरणतर्फ संचालन हुने अन्य कार्यक्रमहरूलाई समेत चक्लाबन्दी कार्यक्रमसँग आबद्ध गर्दै लैजाने ।

ग. कृषि यान्त्रीकरणको प्रयोग गर्ने कार्यमा सहज गर्ने गराउने ।

**४. अनुदान क्षेत्रमा सहयोग प्रदान गर्न सक्ने:**

चक्लाबन्दी प्रवर्दन कार्यक्रम अन्तर्गत यन्त्रको प्रयोग गरी न्यूनतम **४० रोपनी** क्षेत्रफल जग्गालाई समथर बनाउनका लागि मालारानी गाउपालिकाबाट ६०% अनुदान वा बढिमा रू. १,००,०००। (अक्षरेपी एक लाख मात्र) सहयोग प्रदान गर्नेछ ।

## परिच्छेद ३ : कार्यक्रम संचालनका आधार र छनौट

**५. कार्यक्रम गर्ने आधार तथा मापदण्ड:**

चक्लाबन्दी प्रवर्दन कार्यक्रम संचालनका लागि देहायका आधार पुरा भएको हुनुपर्ने ।

क. ४० रोपनी क्षेत्रफल भएको एक वा सोभन्दा बढी कित्ता भएको जमिन हुनुपर्ने ।

ख. न्यूनतम ४० रोपनी कृषि उत्पादन योग्य जमिन हुनुपर्ने ।

ग. खेतियोग्य जमिनमा आवास तथा उद्योगका लागि प्लटिङ्ग गर्न नदिने तथा चक्लाबन्दी गरिएको जमिनमा तरकारी वा फलफुल खेती गरिएको हुनुपर्ने ।

घ. यो कार्य गर्नका लागि कम्तीमा ५ वर्षको प्रतिबद्दता गरी गाउँपालिकासगको सम्झौता अनुरूप काम गर्नुपर्ने ।

**६. आवेदन संकलन :**

क. चक्लाबन्दी गर्ने कार्यलाई प्रोत्साहन गर्न अनुदान दिने उद्देश्यले गाउपालिकाले १५ दिनको म्याद दिई प्रस्ताव आव्हानको सार्वजनिक सूचना प्रकाशन गर्नेछ ।

ख. कार्यक्रम संचालन गर्न सहयोग प्राप्त गर्न चाहने आवेदकले देहायका कागजात तथा विवरण संलग्न गरी **दफा ५ बमोजिम** प्रकाशित सूचनामा तोकिए बमोजिमको ढाँचामा आ आफ्नो वडा कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ ।

**७. आवेदकले निवेदनका साथ पेश गर्नु पर्ने कागजातहरू :**

क. निवेदकको नेपाली नागरिकताको प्रतिलिपि ।

ख. माग निवेदनका साथ कृषि / पशु फर्म वा सहकारी संस्थाको हकमा प्रचलित ऐन बमोजिम सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्र प्रतिलिपि, PAN/VAT को प्रमाणपत्र प्रतिलिपि र पछिल्लो आ.व.को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि एक एक प्रति । फर्म वा संस्था दर्ता भएको १ वर्ष नपुगेको भए, पछिल्लो आ.व.को कर चुक्ता प्रमाणपत्र चाहिने छैन ।

ग. समूह वा संस्थाको हकमा कार्य समितिको बैठकले अनुदान लिन माग गर्ने भनी गरेको निर्णयको प्रतिलिपि ।

घ. व्यक्तिगत कृषकको हकमा निजीको कृषक वर्गीकरणको प्रतिलिपि ।

□. जग्गाको लालपुर्जाको प्रतिलिपिर सम्बन्धित् वडाको सिफारिस पत्र ।

**८. छनौट पक्रिया :**

क. चक्लाबन्दी कार्यक्रममा पेश भएका आवेदकहरूमध्ये सबैभन्दा बढी क्षेत्रफलको जग्गामा चक्लाबन्दी गर्ने फर्म वा सहकारी वा कृषि उद्यमीलाई प्राथमिकता दिईनेछ ।

ख. उत्पादन गरिने भौगोलिक क्षेत्र वा उत्पादन गरिने वस्तुको उत्पादकत्व क्षमता आदिलाई आधार मानिनेछ ।

**९. प्रस्ताव मुल्यानकन समिति :**

१. चक्लाबन्दी कार्यक्रम संचालनका लागि प्राप्त हुन आएका आवेदनहरूको मूल्यांकन गरी सिफारिस गर्न देहाय बमोजिमको एक मूल्यांकन समिति रहनेछ ।

| **क्र.स** | **मूल्यांकन समिति** | **पद** | **संख्या** |
|---|---|---|---|
| १. | मालारानी गाउँपालिका अध्यक्ष | संयोजक | १ |
| २. | मालारानी गाउँपालिका उपाध्यक्ष | सदस्य | १ |
| ३. | आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य | १ |
| ४. | कृषि विकास शाखा प्रमुख | सदस्य | १ |
| ५ | पशु विकास शाखा प्रमुख | सदस्य | १ |
| ६. | प्राविधिक शाखा प्रमुख (इन्जिनियर) | सदस्य | १ |
| ७. | योजना शाखा प्रमुख | सदस्य | १ |
| ८. | आर्थिक विकास समितिको संयोजक | सदस्य | १ |
| ९. | प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव | १ |
| | | जम्मा ९ जना | |

२) उक्त प्रस्ताव मूल्यांकन समितिले बैठकमा आवश्यकता अनुसारका व्यक्तिहरूलाई आमन्त्रण समेत गर्न सक्नेछ ।

१०. मुल्यांकन समितिको बैठक, अनुगमन, मूल्यांकन तथा खाजा खर्च यसै कार्यक्रम अन्तर्गतको बजेटबाट खर्च गरिनेछ ।

## परिच्छेद ४ : कार्यक्रम सम्झौता र अनुदान

**११. कार्यक्रम सम्झौता :**

यस कार्यविधि बमोजिम कार्यक्रम संचालनका लागि सम्झौता गर्दा देहायको शर्तहरू समेत पालना गर्ने गरी सम्झौता गर्नुपर्नेछ ।

१. चार किल्ला भित्रको चक्लाबन्दी स्थलको नापी नक्सा संकलन र नया□नापी गरी आधार नक्सा तयार गर्नुपर्नेछ । यस कार्यमा गाउँपालिकाबाट आवश्यक प्राविधिक सहयोग गरिनेछ ।

२. यन्त्र उपकरणको प्रयोग गरी जग्गालाई समथर बनाउने कार्य गर्नु पर्नेछ ।

३. डिजाईन अनुसारको रेखांकनको लागि प्रत्येक जग्गाधनीको सिमानामा ब्लक क्षेत्रको लागि सिमास्तम्भ राखी व्यक्तिको जग्गा पुन: नाप नक्सा गरी सोही अनुसारको कित्ता नक्सा तयार गर्नुपर्नेछ । यो कार्य जग्गा नाप ऐन २०१९ र जग्गा नाप नियमावली २०५८ बमोजिम हुनेछ ।

४. सधियारहरूस□ विवाद नहुने तवरले कार्य गर्नु पर्नेछ । विवादित ठा□मा उक्त कार्य संचालन गरिने छैन ।

५. चक्लाबन्दी (गह्रा सुधार) कार्यक्रम संचालन गर्दा सधियारहरूको जग्गामा कुनै पनि प्रकारको असर पुग्ने गरी कार्य गर्न पाइने छैन । अन्यथा अनुदानग्राही स्वयम्ले नै यसको क्षतिपूर्ति तिर्नुपर्नेछ ।

**१२. अनुदान रकम र भुक्तानी प्रक्रिया :**

चक्लाबन्दी सम्बन्धी सम्झौता बमोजिमको कार्य सम्पन्न भईसकेपछि कार्य प्रगतिको आधारमा देहाय बमोजिमको कागजात संलग्न राखी भुक्तानीका लागि गाउ□ालिकामा पेश गर्नुपर्नेछ ।

क. सम्बन्धित वडा कार्यालयको कार्य सम्पन्न गरेको सिफारिस पत्र ।

ख. गाउ□ालिकाले तयार गरेको स्वीकृत इस्टिमेट र सो अनुसार काम गरे बापतको भ्याट बील, बिल भरपाई, कार्य सम्पादन अघि र पछिको फोटो आदि ।

ग. कृषि शाखामा भुक्तानीको लागि बिल भरपाई एवं प्राविधिक प्रतिवेदनसहित प्राप्त भएमा शाखाबाट अनुगमन गरि सिफारिसका आधारमा भुक्तानी गरिनेछ ।

घ. सम्झौता बमोजिम काम नगर्ने सम्बन्धित् व्यक्ति वा संस्थालाई गाउँपालिकाले अनुदान रकम रोक्न सक्नेछ ।

## परिच्छेद ५ : कार्यक्रम अनुगमन, मुल्याङ्कन र विविध

**१३. अनुगमन तथा मुल्यानकन :**

चक्लाबन्दी प्रबर्द्धन कार्यक्रम संचालन गरिएको स्थानमा संचालित कार्यक्रमको अनुगमन तथा मुल्यानकन मालारानी गाउँपालिका र कृषि बिकास शाखाबाट नियमित रूपमा गरिनेछ र सो को प्रगति प्रतिवेदन सम्झौता बमोजिम तयार गरिनेछ ।

**१४. होडिङ्ग बोर्ड :**

कार्यक्रम संचालन सम्बन्धी विवरण विस्तृत रूपमा झल्कने गरी अनुदानग्राहीले होडिङ्ग बोर्ड राख्नुपर्नेछ ।

**१५. बाधा अड्काउ फुकाउ :**

यस कार्यविधि कार्यान्वन सम्बन्धमा कुनै द्विविधा उत्पन्न भएमा सो को निरूपण गाउपालिकाले गर्नेछ । यस कार्यबिधिमा उल्लेख भएका बाहेक अन्य कुराहरू विद्यमान नियम कानुन बमोजिम हुनेछ ।

**१६. संशोधन:** यो कार्यविधि कार्यान्वयनमा गाउकार्यपालिकाले आवश्यकतानुसार संशोधन वा खारेज गर्न सक्नेछ ।

## अनुसूचि १:

**चक्लाबन्दी प्रबर्द्धन कार्यक्रम संचालनको लागि पेश गर्ने निवेदनको ढाचा**

मिति : २०७६ /     /

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
मालारानी गाउकार्यपालिकाको कार्यालय,
खनदह, अर्घाखाँची ।

विषय: चक्लाबन्दी प्रबर्द्धन कार्यक्रम संचालन सम्बन्धमा ।

महोदय,

उपरोक्त विषय सम्बन्धमा यस मालारानी गाउपालिका ……नं वडास्थित …………………………………………… कृषक समुह/कृषि सहकारी/कृषि फर्म/व्यवसायिक उन्मुख कृषकले **चक्लाबन्दी प्रबर्द्धन कार्यक्रमको** अनुदानका लागि तहा कार्यालयको मिति ………………………… मा प्रकाशित सूचनाबमोजिम यो निवेदन पेश गरेको छु/गरेका छौं । हामीले यस कार्यक्रम अन्तर्गत अपनाउनु पर्ने नीति तथा कार्यविधिहरू सम्पुर्ण रूपमा बुझेका छौं र त्यसै अनुसार पूर्ण रूपमा सहमत छौं । यसका लागि आवश्यक कागजातहरू समावेश गरी पेश गरेका छौं । तसर्थ उक्त कार्यक्रममा मलाई हामीलाई समावेश गरिदिनुहुन विनम्र अनुरोध गर्दछौं ।

कृषक समुह / कृषि सहकारी /
कृषि फर्मको अध्यक्ष वा आवेदकको
नाम:

हस्ताक्षर:
न्यूनतम क्षेत्रफल: ……… रोपनी
सम्पर्क नं:
संस्थाको छाप:

# अनुसूची २
## सम्झौता पत्र

१. यो सम्झौता पत्र मालारानी गाउपालिका (प्रथम पक्ष) र अनुदानग्राही (दोस्रो पक्ष) बीच चक्लाबन्दी प्रबर्द्धन कार्यक्रमको लागि हुनेछ ।
२. यो **सम्झौता भएको मिति**देखि लागु हुनेछ ।
३. दोस्रो पक्षले चार किल्ला भित्रको चक्लाबन्दी स्थलको नापी नक्सा संकलन र नयाँ नापी गरी आधार नक्सा तयार गर्नुपर्नेछ । यस कार्यमा प्रथम पक्षबाट आवश्यक प्राविधिक सहयोग उपलब्ध गराईनेछ ।
४. दोस्रो पक्षले **आधार न**क्सामा योजनाको रूपरेखा तयार गरी ब्लकको डिजाईन गर्ने, यन्त्रको प्रयोग गरी जग्गालाई समथर बनाउने सम्बन्धी कार्य गर्नु पर्नेछ ।
५. कार्य गर्दा कार्यविधिको अधिनमा रही कार्य गर्नुपर्नेछ ।
६. दोस्रो पक्षले सम्झौता भएको मितिले १५ दिनभित्र चक्लाबन्दी सम्बन्धी कार्य सुरू गर्नुपर्नेछ । यस अवधिमा कार्य प्रारम्भ नभएमा सम्झौता रद्द गरिनेछ । कार्य प्रारम्भ भएको मितिले चार महिनामा कार्य सम्पन्न गरिसक्नुपर्नेछ ।
६. दोस्रो पक्षले कार्यक्रम संचालन स्थलमा सबैले देख्ने गरी अनिवार्य रूपमा कार्यक्रमको नाम, ठेगाना, तथा अनुदान रकम उल्लेख गरी होडिङ्ग वोर्ड सबैले देख्ने गरी राख्नुपर्नेछ।
७. दोस्रो पक्षले कार्य गर्दा प्रथम पक्षले दिएका **सुझाव तथा निर्देशन पालना** गर्नुपर्नेछ ।
८. यस सम्झौतामा उल्लेख भएका नियमहरू चक्लाबन्दी प्रबर्द्दन कार्यक्रम र उल्लेख नभएका अन्य कुराहरू **विद्यमान नियम कानुन बमोजिम** हुनेछ ।
९. कार्यक्रम कार्यान्वयन गर्दा कुनै विवाद उत्पन्न भएमा **प्रथम पक्षको निर्णय** नै अन्तिम निर्णय हुनेछ ।

**प्रथम पक्षको तर्फबाट**
नाम, थर
पद
संस्थाको नाम र छाप
हस्ताक्षर
मिति

**रोहवर**
नाम, थर
हस्ताक्षर

**दोस्रो पक्षको तर्फबाट**
नाम, थर
पद
संस्थाको नाम र छाप
हस्ताक्षर
मिति